# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०८/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी रणबहादुर कटवाल मु.नं (०७९-CR-००२१) फैसला मिति २०८०।११।२७ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार र भ्रष्टाचार उद्योग समेत। | •**आयोगको माग दावी**<br>उच्च अदालत दिपायलको प्रतिवेदनमा उल्लेख भए अनुसार नै आफ्नो पदिय दुरुपयोग गरी बिभिन्न शीर्षकमा विनियोजित बजेट अनुसार गर्नुपर्ने खर्च शीर्षकमा नक्कली बिल भर्पाई खडा गरी, नक्कली सम्झौता समेत बनाई आफै स्वीकृत गरी प्रायः आफैले शोधभर्ना लिने, कतिपयमा स्टोरकिपरबाट शोधभर्ना गराई भुक्तानी लिने, व्यवसायीहरुसँग अफिसको हिसावकिताव मिलाउन अनि बिल ल्याई हुँदै नभएको खर्चको नक्कली खरिद देखाउने, प्रयोग बिहिन गाडी मर्मत गरेको भनी बिलको भुक्तानी लिने, कीर्ते गरी मिति सच्चाई भ्रमण काजको भुक्तानी लिने लगायतको फर्जी कार्यको आफै सदर गरी भुक्तानी लिने/दिने कार्यगरी अदालतमा कार्यरत कर्मचारीहरु लेखापाल राजेन्द्र पनेरु, स्टोरकिपर खडका बहादुर खडका र सूचना प्रविधि अधिकृत जगदिश शाहलाई आफू अनुकुल प्रयोग गरी गराई रु.४,९८,९९५।- (चार लाख अन्ठानव्बे हजार नौ सय पन्चानव्वे रुपैयाँ) भुक्तानी भएको भनी देखाई लिई सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको वारदात पुष्टी भएकोले निज प्रतिवादीलाई रु.४,९८,९९५।- (चार लाख अन्ठानव्बे हजार नौ सय पन्चानव्वे रुपैयाँ) बिगो कायम गरी ऐ. ऐनको दफा १७ ले निर्देश गरे मुताविक ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय र विगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा १७ बमोजिम हानिनोक्सानको बिगो निजबाट असुल उपर समेतको सजाय को मागदाबी लिईएको, मिति २०७७/०६/१५ मा तोक आदेश गरेको भन्दा २ दिन पछाडी मिति २०७८/०६/१७ मा उच्च अदालत, दिपायलमा दर्ता नं. ६० कायम भएको, उच्च अदालत दिपायलको बा २ झ ३३५८ नं को सवारी चालकको ह.स.चा. भनिएकी परी कार्कीको नामवाट खाता नं. समेत उल्लेख गरी पारिश्रमिक भुक्तानीको लागी रण बहादुर कटवाल आफैले उच्च अदालत, दिपायलको २झ ३३५८ नं को सवारी चालकको रुपमा आफ्नै श्रीमतीको नामबाट काल्पनिक कागजात तयार गरी रकम भुक्तानी लिने कसूरजन्य उद्योग गरेको साथै स्थायी शिक्षिकाको रुपमा कार्यरत रहेकी आफ्नै श्रीमती परी कार्कीलाई मिति २०७६/१२/०१ देखि मिति २०७७ असाढ मसान्त सम्म हुने गरी ४ (चार) महिनाको लागि कम्प्यूटर अपरेटर पदमा आफैले काल्पनिक/नक्कली करार सम्झौता, पारिश्रमिक भुक्तानीको निवेदन लगायतको कागजातहरु तयार गरी अदालतको लेखा शाखामा प्रस्तुत गरी निज रजिष्ट्रारले तोक आदेश समेत गरेको देखिएबाट सम्झौता अनुसारको ४ (चार) महिनाको मासिक रु.२८,०००।- को दरले जम्मा रु.१,१२,०००।- रकम भुक्तानी लिने भरमग्दुर प्रयत्न गरेकोले प्रतिवादी रण बहादुर कटवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको सरकारी सम्पत्ति हानिनोक्सानी गर्ने गराउने उद्योगको कसूर गरेको स-प्रमाण पुष्टी हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ मा उल्लेख भए अनुसारको सजाय हुन समेतको मागदाबी लिईएको छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी उद्योग गरे तर्फ भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादी रण बहादुर कटवालले कम्प्यूटर अपरेटर पदमा आफैले काल्पनिक/ नक्कली करार सम्झौता, पारिश्रमिक भुक्तानीको निवेदन लगायतको कार्यहरु अपराधका लागि तयारी जन्य सम्म मात्र देखिएको।<br>•ती कार्यहरु पूर्ण अपराधको निकटस्थ देखिने गरेको नदेखिएकाले सरकारी सम्पत्ति हानि नोक्सानी गर्ने गराउने उद्योगको कसुर हुने हदसम्मको कार्य गरेको पुष्टि हुन नसकेको। | •प्रतिबादी रणबहादुर कटुवालले विद्यालय शिक्षकका स्थायी रुपमा कार्यरत आफ्नै श्रीमती परी कार्कीको नाममा कम्प्युटर अपरेटर र हलुका सवारी चालक समेतको रुपमा करारमा कार्यरत रहेको देखाई भुक्तानी दिनको लागि लेखा शाखामा तोक समेत लगाई सरकारी रकम हिनामिना गर्न समेतको उद्योग गरेको प्रस्तुत मुद्दामा फैसला गर्दा विशेष अदालत समेत निज प्रतिबादी आफैले कम्प्यूटर अपरेटरको लागि काल्पनिक/ नक्कली करार सम्झौता तयार गरेको तथ्यमा विशेष अदालत काठमाण्डौ सहमत नै देखिएको छ। तर प्रतिवादी उक्त कार्य उद्योगको तयारी सम्मको मात्र कार्य भनी सफाइ दिएको देखियो। कुनै अपराधको सम्बन्धमा तयारी के हो उद्योग के हो भन्ने सम्बन्धमा हेर्दा कर्ताले मनसाय बनाई सो अनुसारको तयारी पनि गरेको अवस्थामा कुनै कारणले इच्छित परिणाम प्राप्त हुन नसकेको अवस्थालाई अपराधको उद्योग भनिन्छ। उद्योग तयारी पछिको चरण हो, जसमा कसुरदारले बनाएको योजना पुरा गर्नको लागि भौतिक र मानसिक रुपमा अन्तिम प्रयास गरेको हुन्छ। कुनै विशेष कारण बस उसले सोचेको पूर्ण परीणामको अवस्थामा पुगेको हुदैन। यो कार्य तयारी भन्दा ठूलो हुन्छ तर वास्तवमा कसुर पुरा भएको हुदैन कसुर पुरा गर्न आवश्यक पर्ने सबै गुणहरु त्यसमा समावेश भएका हुन्छन। "उद्योग ठहर्नको लागि" अभियुक्तले तयारी गरेर मात्र पुग्दैन तयारी भन्दा अघि उसले पूर्ण अपराध घटाउन प्रयासहरु गरेको हुन्छ भनी सर्वोच्च अदालतले ने.का.प. २०७६ अंक ९ निर्णय नं. १०३५३ मा व्याख्या गरेको देखिन्छ।<br>प्रतिवादीको उक्त कार्य तयारी सम्मको भनी सार्वजनिक सम्पत्ति हिनामिना उद्योगको चरणमा नै प्रवेश नगरेको भन्ने निर्णयाधार र उक्त कसुरसँग सम्बन्धित प्रमाण हेर्दा उक्त फैसला मिलेको देखिदैन। नेपाल सरकारले विभिन्न निकायमा विनियोजित रकम खर्च गर्ने सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७ को उपनियम (२) अनुसार कार्यालय प्रमुख वा लेखा शाखा प्रमुख वा निजले तोकेको लेखा समूहको कर्मचारीले संचालन गर्नु पर्ने अवस्था रहेको छ। यी प्रतिवादी उच्च अदालत दिपायलको लेखा उत्तरदायी अधिकारी भई प्रतिवादी रजिष्ट्रारको रुपमा कार्यरत रहेकोमा समेत विवाद छैन। कार्यालयको (अदालतको) लेखा उत्तरदायी अधिकारीबाट सो कार्य सम्बन्धी विल भरपाई हेरी लेखा उत्तरदायी अधिकारीले तोक लगाए पछि लेखापाल वा लेखा अधिकृतले भुक्तानी गर्ने गरिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी रण बहादुर कटवालले आफ्नो श्रीमतीको नाममा रहेको वाणिज्य बैंकमा जम्मा गरी दिनु भनी मिति २०७६/१२/२६ मा निजकै श्रीमती परी कार्कीको नामबाट दिएको पारीश्रमिक भुक्तानी लागि परेको निवेदन, निजले लेखा शाखालाई आवश्यक कारवाही गर्नु भनी तोक लगाएको देखिएको छ। उक्त कार्यको वारेमा प्रतिवादी रण बहादुर कटवालले अनुसन्धानमा वयान गर्दा उच्च अदालत दिपायलबाट भएको फैसला तयार गर्नको लागि करारमा कम्प्यूटरमा राख्नु परेको भनी निजले आफ्नो वचाउको लागि अनुसन्धानमा वयान गरेको देखिन्छ। प्रतिवादीले अदालतमा फैसला तयार गर्नका लागि वास्तविक कर्मचारीको आवश्यक परेको भए अदालतबाट सूचना प्रकाशित गर्न सकिनेमा सो गरेको समेत भएको देखिदैन। साथै उक्त कार्य सम्पन्न गर्नको लागि कुनै न कुनै कर्मचारी आवश्यक पर्नेमा आफ्नो श्रीमतीको वास्तविक खाता नम्बर २२५००१७३४८१० समेत उल्लेख गरेको तर खर्च लेख्ने कर्मचारी लेखा अधिकृत राजेन्द्र पनेरुले करारमा काम गर्ने भनिएका कर्मचारीको हाजिर नभएका कारण मात्रै भुक्तानीका लागि गोश्वरा भौचर र भुक्तानि आदेश तयार गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | •**अदालतको फैसला**<br>राष्ट्रसेवकको ओहदामा रहेका प्रतिबादी रण बहादुर कटवालले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिन्छ (fiduciary relationship) । निज राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी जालसाजीपुर्वक सरकारी सम्पत्ति नासेमासेको र निजी प्रयोगमा लगाएको र दुरुपयोग गरेको अवस्था देखिन्छ ( fraudulent Conversion of public property) । राष्ट्रसेवकले आफूलाई गैरकानूनी लाभ लिनेदिने वदनियत (*mala fide* intention ) ले उक्त कार्य गरेको देखिन्छ । तसर्थ प्रतिबादी रण बहादुर कटवालले ओहदाको दुरुपयोग गरी रु. ४,९८,९९५ । -(अक्षेरुपी चार लाख अन्ठानव्बे हजार नौ सय पन्चानव्वे रुपैयाँ) बराबरको उच्च अदालत दिपायलको सरकारी बजेटको रकम नासेमासेको र निजी प्रयोगमा लगाएको र दुरुपयोग गरेको पुष्टी भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत कसूर गरेको देखियो ।<br>उद्योगतर्फको आरोपदाबी हेर्दा, स्थायी शिक्षिकाको रुपमा कार्यरत रहेकी आफ्नै श्रीमती परी कार्कीलाई मिति २०७६/१२/०१ देखि मिति २०७७ अषाढ मसान्तसम्म हुने गरी ४ (चार) महिनाको लागि कम्प्यूटर अपरेटर पदमा आँफैले काल्पनिक / नक्कली करार सम्झौता, पारिश्रमिक भुक्तानीको निवेदन लगायतको कागजातहरु तयार गरी अदालतको लेखा शाखामा प्रस्तुत गरी निज रजिष्ट्रारले तोक आदेश समेत गरेको देखिएवाट सम्झौता अनुसारको ४ (चार) महिनाको मासिक रु. २८,००० ।- को दरले जम्मा रु.१,१२,००० ।- रकम भुक्तानी लिने भरमग्दुर प्रयत्न गरेकोले प्रतिवादी रण बहादुर कटवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको सरकारी सम्पत्ति हानिनोक्सानी गर्ने गराउने उद्योगको कसूर गरेको स-प्रमाण पुष्टी हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ मा उल्लेख भए अनुसारको सजाय हुन समेतको मागदाबी लिइएको पाइन्छ । सरकारी सम्पत्ति हानीनोक्सानी गर्ने गराउने उद्योग हुन पर्याप्त छ वा यसका लागि कसूरको अन्य चरण पनि घटेको देखिनुपर्छ भन्ने कुरा फौजदारी न्यायको मान्य सिद्धान्तका आधारमा हेरिनु पर्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ मा उद्योगको कुनै खास परिभाषा नरहेकोले फौजदारी कानूनमा प्रचलित उद्योगको परिभाषा नै यसमा पनि प्रयुक्त हुने देखिन्छ ।<br>प्रतिवादी रण बहादुर कटवालले कम्प्यूटर अपरेटर पदमा आफैले काल्पनिक / नक्कली करार सम्झौता, पारिश्रमिक भुक्तानीको निवेदन लगायतको कागजातहरु तयार गरी अदालतको लेखा शाखामा प्रस्तुत गरेको सम्म देखिन्छ तर ती कार्यहरु अपराधका लागि तयारीजन्य सम्मको कार्यमात्र देखिन्छ ती कार्यहरु पूर्ण अपराधको निकटस्थ देखिने गरेको नदेखिएकोले सरकारी सम्पत्ति हानीनोक्सानी गर्ने गराउने उद्योगको कसूर हुने हदसम्मको कार्य गरेको पुष्टि हुन सकेन । यसरी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ अन्तर्गत कसूर गरेको नदेखिंदा प्रतिवादीले सो हदसम्मको आरोपदावीबाट सफाई पाउने देखियो । | | नमानेकाले प्रतिवादीको श्रीमतीको बैंक खातामा भुक्तानि दिन पाएको देखिदैन । निजले गरेको कार्यलाई तयारी मात्रै भनी गरेको फैसला त्रुटिपूर्ण छ । साथै प्रतिवादीले सरकारी रकम हिनामिना गर्ने उद्देश्यले आफ्नै श्रीमतीको नाममा कम्प्यूटर अपरेटर र हलुका सवारी चालकमा काम गर्न भनी सवारी चालकको सिप भएको कुनै प्रमाण समेत मिसिल संलग्न नगरी परी कार्की कै नाममा आफू हलुका सवारी चालक भएको, अघिल्लो आर्थिक वर्ष देखि सवारी चलाएको व्यहोरा उल्लेख गर्दैं मिति २०७८/०६/१५ मा निवेदन दिएको र उक्त निवेदनमा लेखा शाखालाई नियमानुसार गर्नु हुन भनी यिनै प्रतिवादीले तोक लगाएको देखिन्छ । निजले पारिश्रमिक वापतको रकम ग्लोवल आइ एम ई बैंकको खाता नं. १५०७०१०००४८६३३ उल्लेख गरी रकम हिनामिना गर्न खोजेको र लेखा अधिकृतले भुक्तानी लेख्न गोश्वरा भौचर र भुक्तानी आदेश बनाइ नदिएका कारणबाट भुक्तानी हुन नपाई सरकारी रकम हिनामिना हुन नपाएको देखिन्छ । अर्थात यी प्रतिवादीको कार्यमा तेस्रो पक्ष राजेन्द्र पनेरुको हस्तक्षेपले गर्दा मात्र भुक्तानी हुन नपाएको देखिन्छ ।<br>•प्रतिवादीलाई सार्वजनिक सम्पत्ति हिनामिना गर्ने कार्यको निकटस्थ कार्य नदेखिएको भनी सम्पत्ति हानि नोक्सानी गर्ने गराउने उद्योगको कसुर नहुने भनी गरेको फैसला त्रुटिपूर्ण छ । कुनै पनि अपराधको निकटस्थ पुगेको हो वा होइन भन्ने तथ्य उक्त अपराध कस्तो प्रकृतिको हो, त्यो अपराधिक कार्य कसरी पुरा हुन सक्दछ त्यसको आधारमा हेर्नु पर्दछ । प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा प्रतिवादी रण बहादुर कटवालले आफैले श्रीमतीको नाम उल्लेख गरी उच्च अदालतमा निवेदन दिएको र निवेदनमा आवश्यक कारवाही गर्नु भनी तोक आदेश समेत लगाई लेखा शाखामा पुगेको, अदालतमा कार्यरत लेखा गर्ने कर्मचारी वा लेखा हेर्ने अधिकारी लेखा प्रमुखले भुक्तानी प्रक्रियाको लागि गोश्वरा भौचर र भुक्तानी आदेश मात्र वनाउन बाँकी रहेको अवस्था देखिन्छ । प्रतिवादी रण बहादुर कटवालले आफ्नै श्रीमती परी कार्कीको नाममा रहेको वाणिज्य बैंकमा रहेको खातामा जम्मा गर्ने उद्देश्यले खाता नं. २२५००१७३४८१० र आफ्नै श्रीमतीको नाममा हलुका सवारी चालकको रुपमा पारिश्रमिक लिन खोजी तोक लगाएको अवस्थामा पुगी सकेको कार्यलाई अपराधको निकटस्थ नपुगेको भनी तथ्य भन्दा बाहिर गई आत्मगत आधारमा गरेको फैसला त्रुटिपूर्ण छ ।<br>•अतः प्रतिवादी रणबहादुर कटुवाललाई उद्योगमा सफाई दिएको हदसम्म फैसला बदर गरी आरोपदावी बमोजिम भ्रष्टाचार गर्ने कसुरको उद्योग गरेको आरोपदावी वमोजिम समेत सजाय गरी पाउँ । |